# देवघाट गाउँ कार्यपालिका

बैठक संख्या २६ मितिः २०७५।०५। १८

<u>प्रस्तावहरु</u>

१) समीक्षा

२) सम्पत्तिकर लागू गर्ने

३) IEE रिपोर्ट

४) योजनाको लागी जग्गा व्यवस्थापन , प्रदेशको पत्र

५) बालमैत्री स्थानीय शासन गाउँ समिति गठन

६) राष्ट्रिय शिक्षा शिक्षा दिवस तथा अनतराष्ट्रिय साक्षरता दिवस, २०७५ मनाउने

७) रकम सहयोग : तनहुँ पर्यटन तथा सांस्कृतिक महत्सव,

८) नगर प्रहरी नियमावली २०७५

<u>निर्णयहरु</u>

उपरोक्तानुसारका प्रस्तावहरुमाथी छलफल गरी तपसिल अनुसारका निर्णयहरु गरियो ।

१) गत बैठकका निर्णय कार्यान्वयन तथा विविध विषयमा समीक्षा गरियो ।

२) आवश्यक तयारी पुरा गरी यसै आ.व.को दोस्रो चौमासिक देखि श्रोत साधन तथा सुविधाको आधारमा वडा नं. ५ मा र क्रमशः सवै वडाहरुमा सम्पत्तिकर सफटवेयर लागू गर्ने निर्णय गरियो ।

३) IEE रिपोर्टवाट सिफारिस भएको भन्दा घटाई त्रिशुली नदीकीको भुवनटार, सेतीभतेरी र कालीगण्डकीको काली भतेरी, सांढेवगर गरी चारवटै क्षेत्रवाट गरी कुल बढीमा ८०००० घ.मी. सम्म उत्खनन् गर्न सकिने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

४) गण्डकी प्रदेशसंगको सह लगानीमा सम्पन्न गर्ने गरी तपसिलका योजनाहरुको लागी तपसिलका जग्गा व्यवस्थापन व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल

क) खेलकुद मैदान, कोटा रंगशाला –वडा नं. १ कोटा

ख) पार्क – पहिलो प्राथमिकता चक्रवर्ति मन्दिर क्षेत्रविकास स्थल र दोस्रो पाथमिकता देउपुर

५) तपसिल अनुसार बालमैत्री स्थानीय शासन गाउँ समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

क) गाउँपालिकाका अध्यक्ष श्री दुर्ग वहादुर थापा –अध्यक्ष

ख) गाउँपालिकाका उपाध्यक्ष श्री विमला थापा –उपाध्यक्ष

ग) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवदी –सदस्य

घ) स्वास्थ्य संयोजक श्री प्रदीप वुधाथोकी –सदस्य

ङ) चक्रवर्ती महिला संजाल अध्यक्ष श्री मिठु देवी पौडेल —सदस्य

च) श्री सावित्री न्यौपाने समाजसेवी महिला —सदस्य

ज) गा.पा. बाल संजाल अध्यक्ष —सदस्य

झ) बालमैत्री स्थानीय शासन हेर्ने कर्मचारी —सदस्य सचिव

६) सवै विद्यालयहरुले आ आफ्नो विद्यालयमा भाद्र २३ गते राष्ट्रिय शिक्षा शिक्षा दिवस तथा अनतराष्ट्रिय साक्षरता दिवस, २०७५ मनाउने र वडा अध्यक्ष तथा सदस्यवाट त्यसको अनुगमन गर्ने निर्णय गरियो ।

७) वडामा आवश्यकता अनुसार खेलकुदको विकास गर्न प्रत्येक वडा कार्यालयले खेलकुद गर्ने गराउने र भुक्तानीको लागी गाउँ कार्यपालिकाको कार्यालयमा यस आ.व.मा वढीमा रु.५००००। सम्मको खर्चको सिफारिस गर्ने निर्णय गरियो । साथै वन्दीपुरमा हुने तनहुँ पर्यटन तथा सांस्कृतिक महत्सवलाई रु. २५०००। सहयोग गर्ने निर्णय गरियो ।

८) नगर प्रहरी नियमावली २०७५ स्विकृत गरियो ।